# वराहपोखरी गाउँपालिका

स्थानीय राजपत्र

खण्डः ६ संख्याः २ प्रमाणिकरण मितिः २०८०/०९/१३ प्रकाशन मितिः २०८०/०९/१५

## आर्थिक सहायता कार्यविधि, २०८०

**प्रस्तावना:**

लोक कल्याणकारी राज्यको अवधारणा अनुसार आर्थिक रुपले विपन्न, निरपेक्ष गरिबीको रेखामुनी रहेका दीर्घ रोगी, हिंसा पीडित तथा बेचबिखनमा परेका महिला, विपन्न बालबालिका, पूर्ण अशक्त अपाङ्गता र अति अशक्त अपाङ्गता, वेवास्तामा परेका जेष्ठ नागरिकको हित प्राकृतिक प्राकृतिक प्रकोपजन्य विपद् बाट पीडित व्यक्तिहरुलाई राहत वितरण गर्न कल्याणकारी कार्य सम्बन्धी कानून तयार गरी आर्थिक सहायतालाई प्रभावकारी बनाउन वाञ्छनीय भएकाले वराहपोखरी गाउपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ बमोजिम वराहपोखरी गाउँपालिकाले यो आर्थिक सहायता कार्यविधि २०८० बनाई लागु गरेको छ ।

<u>परिच्छेद-१</u>

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम "वराहपोखरी आर्थिक सहायता कार्यविधि २०८०" रहेको छ ।

ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा:

क) "गाउँपालिका" भन्नाले वराहपोखरी गाउँपालिकालाई सम्झनु पर्छ ।

ख) "गाउँ कार्यपालिका" भन्नाले वराहपोखरी गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्छ ।

ग) "अध्यक्ष" भन्नाले वराहपोखरी गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

घ) "उपाध्यक्ष" भन्नाले वराहपोखरी गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ ।

ङ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले वराहपोखरी गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनुपर्छ ।

च) जनप्रतिनिधी भन्नाले वराहपोखरी गाउँपालिकाको जनप्रतिनिधी सम्झनु पर्छ ।

छ) कर्मचारी भन्नाले वराहपोखरीमा कार्यरत स्थायी कर्मचारी सम्झनु पर्छ ।

ज) "आर्थिक सहायता पाउन योग्य व्यक्ति" भन्नाले आर्थिक रुपमा विपन्न भएका मुटु, मृगौला, मस्तिष्क, फोक्सो, कलेजो जस्ता शरीरका महत्वपूर्ण अङ्गहरुका रोगी एवम् क्यान्सर पीडित व्यक्तिहरु, पक्षघात, यौन हिंसाबाट पीडित एवम् बेचबिखनमा परेका महिलाहरु, जोखिमपूर्ण श्रममा संलग्न भएको, हराएको वा वेवारिसे अवस्थामा फेला परेको, दुर्घटनामा परेको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको बेसाहारा बालबालिका, यौन शोषण, यौन दुर्व्यवहार, अभिभावक विहिन बालबालिका, बेसहारा वृद्धवृद्धातथा विशेष कारणवश बेखर्ची भएका नागरिक, घर गोठ जलेर क्षति भएका बाढी पहिरो र डुवानबाट पीडित गाउँवासी, चट्याङ, आगलागी उल्लिखित व्यहोरा भएका वराहपोखरी गाउँपालिकाका स्थायी बासिन्दा बुझ्नु पर्दछ ।

झ) "कार्यविधि" भन्नाले वराहपोखरी गाउँपालिकाको आर्थिक सहायता कार्यविधि, २०८० लाई सम्झनु पर्छ ।

## परिच्छेद-२

## आर्थिक सहायता सम्बन्धी मापदण्ड

**३. दीर्घ रोगी तथा क्यान्सर पीडितलाई सहायता:**

क) आर्थिक सहायता पाउन योग्य दीर्घ रोगी (मृगौला, मुटु, फोक्सो, कलेजो मस्तिष्क पक्षघात) तथा क्यान्सर पीडित व्यक्तिले आर्थिक सहायता प्राप्त गर्नको लागि आवश्यक कागजात सहित गाउँपालिकामा निवेदन दिन सक्ने छन् ।

स्पष्टिकरण "आवश्यक कागजात भन्नाले आर्थिक रुपले विपन्न भनी सम्बन्धीत वडा कार्यालयबाट प्रमाणित कागजात, अस्पतालको रिपोर्ट, सिफारिस लगायतका कागजात बुझ्नु पर्दछ ।"

ख) उपदफा (१) बमोजिम प्राप्त निवेदन माथि आवश्यक छलफल गरी आर्थिक सहायता दिने निर्णय गरेमा बिरामीको अवस्था हेरी रु. ५०००।- (पाँच हजार) देखि बढीमा रु. २५,०००।- (पच्चीस हजार) सम्म आर्थिक सहायता दिन सकिनेछ ।

**४. हिंसा पीडित तथा मानव बेचबिखनमा परेकालाई सहायता:**

क) यौन हिंसाबाट पीडित एवम् वेचविखनमा परेका महिला तथा बालबालिकाहरुको तत्काल उद्धार गर्न बढीमा रु. ५०००।— (पाँच हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

**५. आर्थिक रुपले विपन्न र पीडित बालबालिकालाई सहायता:**

क) बेवारिसे अवस्थामा फेला परेका, जबरजस्ती श्रममा संलग्न रहेका, बाबु आमा कारागार वा हिरासतमा रहेका वा कुनै कसुर सँग सम्बन्धीत रहेका कारणले बेवारिसे रहेका, यौन शोषण, यौन दुर्व्यवहार, बेचविखन वा ओसार पसारमा परेका, हिंसा पीडित, बाबु आमा र संरक्षक

CamScanner

विहीन बालबालिका, अपाङ्गता भएका व्यक्ति, सुस्त श्रवण भएका, एचआईभी एड्सबाट संक्रमित बालबालिका भएमा तत्काल उद्धार गरी पालनपोषणको लागी रु. ५०००।— (पाँच हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

६. विपन्न परिवारलाई मृत्यु संस्कार सहायताः

क) आर्थिक रुपमा विपन्न परिवारमा दुर्घटना वा आत्महत्याको कारण वा औषधी उपचारको क्रममा मृत्यु भई सो को पोष्टमार्टम गर्न नसक्ने परिवारलाई पोष्टमार्टम गर्न, बेवारिसे शव फेला परेमा निजको सदगत गर्न वा व्यवस्थापन गर्न वा अति विपन्नले सदगत काजक्रिया गर्न प्रमाण खुल्ने कागजात सहित निवेदन पेश हुन आएमा बढीमा रु.२०,०००।- (बीस हजार) सम्म आर्थिक सहायता दिन सकिनेछ ।

ख) उपदफा (१) बमोजिम सहायता दिन सिफारिस गर्दा सम्वन्धीत वडा कार्यालयले निजको परिवारको नियमित आम्दानीको श्रोत नभएको, कुनै व्यापार व्यवसाय नभएको व्यक्तिलाई सिफारिस गर्नु पर्नेछ ।

७. विपद् कार्यमा सहायताः

क) वाढी, डुवान, पहिरो, आगलागी, भुकम्प, महामारी लगायतका विपदबाट प्रभावित आर्थिक रुपमा विपन्न व्यक्तिहरुको दैनिक जीवन निर्वाह एवम् आवास व्यवस्थापनको लागि गाउँपालिकामा निवेदन पेश हुन आएमा र सो निवेदन मनासिव देखिएमा राहत स्वरुप तपशिल बमोजिमको आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

- प्राकृतिक प्रकोपवाट कुनै व्यक्तिको मृत्यु भएमा निजको नजिकको हकवालालाई काजक्रिया वापत प्रतिव्यक्ति रु.१०,०००।- (दश हजार) सम्म ।
- प्राकृतिक प्रकोपबाट घरबार तथा खेतबारी भत्किई आंशिक वा पूर्ण क्षति भएको अवस्थामा अवस्था हेरी जिविकोपार्जन तथा पुनःस्थापनाका लागि राहत स्वरुप रु.५,०००।—(पाँच हजार) देखि बढीमा २०,०००।-(बीस हजार) सम्म ।
- आगलागि भई घर पुर्ण क्षति भएमा घरको प्रकृति हेरी रु २००००।०० देखी ४००००।०० सम्म प्रहरी सर्जिविन मुचुल्काको आधारमा राहत दिन सकिने छ ।
- प्राकृतिक प्रकोपमा परी अंगभंग भई आंशिक वा पूर्ण अशक्त अपाङ्गता भएको अवस्थामा अवस्था हेरी राहत स्वरुप रु.५,०००।-(पाँच हजार) देखि बढीमा रु. २५,०००।- (पच्चीस हजार) सम्म ।

ख) उपदफा (२) बमोजिमको आर्थिक सहायता प्राप्त गर्नका लागि पीडित व्यक्तिले प्रहरी मुचुल्का, वडा कार्यालयको सिफारिस, नागरिकताको प्रतिलिपि, घटनास्थलको स्पष्ट तस्वीर सहित गाउँपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

CamScanner

ग) कुनै राजनीतिक दलको कार्यक्रमको लागि आर्थिक सहयोग दिदा गाउँपालिका स्तरीय कार्यक्रम भएमा बढीमा रु. २०,०००।- (बिस हजार), जिल्ला स्तरिय कार्यक्रम भएमा बढीमा रु. ३०,०००।- (तिस हजार) सम्म आर्थिक सहयोग गरिनेछ ।

तर राजनीतिक दलका भातृ संगठनहरुको कार्यक्रम भएमा राजनैतिक दललाई दिइने रकमको बढीमा ५०% सम्म दिन सकिनेछ ।

८. आर्थिक सहायता तथा उपचार सहयोगको लागि बजेटको व्यवस्था:

क) यस कार्यविधि बमोजिम आर्थिक सहायता दिन, उद्धार तथा पुन:स्थापना गर्ने प्रयोजनका लागि आर्थिक सहायता/राहत उद्दार पुनस्थापना शीर्षकमा बजेटको व्यवस्था गरिनेछ ।

ख) दफा (१) अनुसारको आर्थिक सहायता भुक्तानी गर्दा निम्न बमोजिम भुक्तानी हुनेछ:

- गाउँपालिकामा विनियोजन भएको बजेटबाट गाउँपालिका अध्यक्ष बाट रु. ४००००।- (चालिस हजार) सम्म ।
- गाउँपालिकामा विनियोजन भएको बजेटबाट गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतबाट रु. १५०००।- (पन्ध्र हजार) ।
- माथि उल्लेखित रकम भन्दा बढी भएमा कार्यपालिकाबाट हुनेछ ।

९. आर्थिक सहायता सम्बन्धी विशेष व्यवस्था:

क) गाउँपालिकाको सामाजिक, आर्थिक, राजनीतिक, साहित्यिक, सास्कृतिक, कला, विज्ञान, स्वास्थ्य, शैक्षिक, पूर्वाधार विकास जस्ता विषयमा उल्लेख्य योगदान दिने व्यक्तिलाई निजको पारिवारिक अवस्था नाजुक भएको भन्ने देखिएमा यसै कार्यविधिमा व्यवस्था भए बमोजिम एक पटकका लागि मात्र बढीमा रु. २५०००।- (पच्चीस हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिने छ ।

ख) यसमा लेखिएका कुराहरुमा अध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत र गाउँ कार्यपालिकाले दोहोरो पर्ने गरी आर्थिक सहायता उपलब्ध गराउन पाइने छैन ।

ग) दैवी प्रकोपमा परेका व्यक्ति वा परिवारलाई कुनै जिन्सी सामग्री उपलब्ध गराइएको रहेछ भने सो जिन्सी बराबरको रकम कट्टी गरेर मात्र आर्थिक सहायता उपलब्ध गराइने छ ।

घ) यस कार्यविधिमा अन्यत्र जुन सुकै कुरा लेखिएको भएतापनि गाउँपालिकाको निर्णयबाट थप आर्थिक सहायता रकम दिन सक्नेछ ।

ङ) आर्थिक सहायता सम्बन्धी काम गर्न दैवी प्रकोप शाखाको कर्मचारीले स्वत:यसको समेत काम गर्नेछ ।

१०. अधिकार प्रत्यायोजन गर्न सकिने:

यस कार्यविधि अनुसार अध्यक्षस्तरबाट हुने आर्थिक सहायता गर्ने निर्णयको अधिकार गाउँपालिका अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई प्रत्यायोजन गर्न सक्ने छ ।

CS CamScanner

**११.पटक-पटक आर्थिक सहायता दिन नपाइने:**

यस कार्यविधि बमोजिम प्रदान गरिने आर्थिक सहायता एकै व्यक्तिलाई एकै प्रकृतिको घटनामा एक आर्थिक वर्षमा एक पटक मात्र उपलब्ध गराइनेछ ।

## परिच्छेद-३

## विविध

**१२.पारदर्शिता र जवाफदेहिता:**

बजेटबाट प्रदान गरिएको आर्थिक सहायता रकमको खर्चको विवरण चौमासिक रुपमा कार्यपालिकामा पेस गरिनेछ ।सम्बन्धित सरोकारवालहरुबाट कुनै जिज्ञासा तथा जानकारी माग भएमा गाउँपालिकाबाट आवश्यक विवरण उपलब्ध गराइनेछ ।

**१३.निवेदन दिनु पर्ने:**

दफा ३ देखि दफा ९ सम्म उल्लिखित क्षेत्रमा आर्थिक सहायता पाउन अनुसूची १ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

**१४.संशोधन तथा परिमार्जन:**

यस कार्यविधिलाई व्यवस्थित बनाउन आवश्यकता बमोजिम गाउँ कार्यपालिकाबाट संशोधन तथा परिमार्जन गराउन सकिनेछ ।

**१५.बचाउ तथा खारेजी:**

क. आर्थिक सहायता सम्वन्धी कार्यविधी २०७६ खारेज गरिएको छ ।

ख. यस कार्यविधिमा व्यवस्था भएका कार्यहरुका हकमा यसै अनुसार र अन्य प्रचलित कानुनसँग बाझिएको हकमा हकमा बाझिएको हदसम्म अमान्य हुनेछ ।आर्थिक सहायता सम्वन्धी कार्यविधी २०७६ बमोजिम भएका निर्णय तथा कार्यहरु र गाउँ कार्यपालिकाबाट यस आ.व. सम्ममा भएका आर्थिक सहयोग सम्वन्धी निर्णयहरु यसै कार्यविधि अनुसार भएको मानिनेछ ।

CamScanner

अनुसूची-१

## निवेदनको ढाँचा

मिति:-

श्रीमान् अध्यक्ष ज्यू,श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यु वराहपोखरी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, बाघखोरभन्ज्याङ, खोटाङ ।

विषय: आर्थिक सहायता उपलब्ध गराइदिनु हुन ।

प्रस्तुत विषयमा म/हामी ........................................................................................ रोगले ग्रसित भई समस्यामा परी ............................................................ गर्नु पर्ने व्यहोरा अवगत गराउँदछु/छौं । उपचार र ............................................................ को लागि म र मेरो परिवारको आर्थिक अवस्था नाजुक भएकोले सोको लागि तहाँ कार्यालयको नियमानुसारको आर्थिक सहायता उपलब्ध गराइदिनु हुन तपशिलका कागजात यसैसाथ संलग्न गरी पेश गर्दछु/छौं ।

तपशिल

१. आर्थिक रुपले विपन्न सिफारिस तथा प्रमाणित प्रतिलिपि
२. नागरिकता/जन्मदर्ता/विवाहदर्ताको प्रतिलिपि
३. अस्पतालको वा सम्बन्धीत निकायको रिपोर्ट
४. वडा अध्यक्ष/स्वास्थ्य संयोजक/सम्बन्धीत निकायको जिम्मेवार पदाधिकारीको सिफारिस

शालिकराम बन्जारा
गाउँपालिका अध्यक्ष

निवेदक

नाम:-

वतन:-

दस्तखत:-

CamScanner